नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ११० | २०७८ साल मंसिर ९ गते बिहीबार | (25 Nov. 2021 Thursday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रपतिको चासोले... ३ पृष्ठमा : नेपाली उत्पादन ७८ ... ३ पृष्ठमा : भारतमा दैनिक थप नौ हजार ...

# ९० वर्षिय बृद्धको घाटी रेटेर हत्या गरेको अवस्थामा शव फेला



**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बुधबार दिउँसो एक ९० वर्षिय बृद्धाको घाटी रेटी हत्या गरिएको छ ।

सो गाउँपालिका ६ निवासी मिश्रि भन्ने मुक्तिलाल मण्डलको घाटी रेटेको अवस्थामा मृत शरीर फेला परेको प्रहरीले जनाएको छ ।

घरबाट करिब २ किलोमिटर टाढा रहेको झोकराहीस्थित आँप बगौचामा उनको मृत शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

घटनाको खबर पाएलगत्तै डिएसी काफ्लेको नेतृत्वमा एक टोली घटनास्थलमा पुगि आवश्यक अनुसन्धान सुरु गरेको छ ।

मृतकका छोरा देवनारायणले भने, "बिहान ९ बजेतिर सखडा बजारमा चिया खान जान्छु भन्दै बुबा घरबाट निस्केका थिए, बुबाको कसैसँग कुनै दुश्मनी थिएन ।"

यता घटनाको छानबिन र हत्यारालाई अविलम्ब पक्राउ गर्न मृतकका आफन्त र गाउँलेले माग गरेका छन् । डिएसपी काफ्लेले ९० वर्षिय बृद्धको कसले र के कारणले हत्या गरेको हो भन्ने बिषयमा सुक्ष्म अनुसन्धान भइरहेको बताए ।

# पीसीआर ल्याब पुनः बन्द

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

कोरोना परिक्षणका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा रहेको पीसीआर ल्याब पुनः बन्द भएको छ ।

अस्पतालमा कार्यरत करार कर्मचारीको सेबा समाप्त भएपछि ल्याब बन्द भएको अस्पताल प्रशसनले जनाएको छ ।

पीसीआर ल्याबमा कार्यरत ६ जना करार कर्मचारीको समय समाप्त भएपछि पीसीआर ल्याब बन्द भएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रणजीत कुमार झाले वाताए ।

उनले भने, "करार कर्मचारीको म्याद थप गर्न हामीले पत्राचार गरिसकेका छौं तत्कालका लागि हामीले स्याम्पल कलेक्सन गरेर बिराटनगर र जनकपुर पठाउने गरेका छौं ।"

# गाडीबाट लडेर विद्यार्थीको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ८ मंसिर ।**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनुषाको ढल्केबरमा गुडिरहेको गाडी (विङ्गर) बाट लडेर एक विद्यार्थीको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिम तर्फ आउँदै गरेको ना १ ज ७०४९ नं को विङगरको ढोका छेउबाट लडेर धनुषाधाम नगरपालिका-७ भगवानपुरी निवासी १८ वर्षीया पूजाकुमारी महतोको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरीमा ४३ जनाको हत्या

**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

सप्तरीमा अपराधिक घटनामा बृद्धि भएको एक तथ्याङ्कले देखाएको छ । प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामले दिएको तथ्याङ्क अनुसार जिल्लामा ४ वर्ष यता ३ हजार ४४ आपराधिक घटनामा भएको छ ।

प्रहरीको तथ्याङ्कमा आर्थिक वर्ष २०७४/७५ मा ६ सय ४६, २०७५/७६ मा ७ सय ७४, २०७६/७७ मा ७ सय ७६ र २०७७/७८ मा ८ सय ४४ आपराधका घटना भएको छ ।

यस्तै चार वर्षको अवधीमा ४३ जनाको हत्या भएको छ भने १ सय १६ ज्यान मार्ने उद्योग, गर्भपतनका ६, भवितब्य ज्यान ३ सय ४७, फुटकर ज्यान २० र ज्यान सम्बन्धि ७ वटा घटना भएका छन् ।

यसैगरि पछिल्लो चार वर्षमा जिल्लामा ३ सय ८५ जनाले आत्महत्या गरेको तथ्याङ्कले देखाएको छ । आ.ब. २०७४/०७५ मा ८३ जना, ०७५/०७६ मा ८८ जना, ०७६/०७७ मा ९६ जना र ०७७/०७८ मा १ सय १८ जनाले आत्महत्या गरेका २ नम्बर प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# कानुन व्यवसायीद्वारा प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**

प्रधानन्यायाधिश चौलेन्द्र सम्शेर जबराको राजिनामाको माग गर्दै झण्डै एक महिनादेखी आन्दोलनरत कानुन व्यवसायीहरुले बुधबार राजविराजमा प्रदर्शन गरेका छन ।

राजविराज उच्च बार एशोसिएशन र सप्तरी जिल्ला आदलत बार एकाईले छुट्टाछुट्टै ब्यानरमा प्रदर्शन गरेका हुन् । उच्च बार एशोसिएशन र जिल्ला बार एकाई दुबै सडकमा मिलेपछि संयुक्त

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# छिन्नमस्ताको समस्या कहिले समाधान हुने !

सप्तरीको छिन्नमस्ता गाउँपालिका यस्तो गाउँपालिका बनेको जो समस्यै समस्याले घेरिएको छ। विगत दुई वर्षदेखी त्यहा गाउँसभा हुने सकेको छैन्। जसकारण त्यहाको विकासीय बजेट फ्रिज हुँदै आएको छ। त्यती मात्र नभएर कर्मचारीहरुले महिनौदेखी तलब खान पाएका छैनन्। विद्यालयका शिक्षक तथा कर्मचारीहरु तलब नपाएपछि हाल आन्दोलित छन्। जसकारण विद्यार्थीहरुको पढाई समेत ठप्प भएको छ।

उक्त गाउँपालिकाहरु आन्तरिक विवादमा अल्मलिएको छ। गाउँपालिकामा आधा दर्जन प्रशासकीय अधिकृत आए र गए। कसैले काम गर्नै अवसर पाएनन्। आए पनि विवादमै अल्झिए। उनीहरुको अध्यक्षसँग तालमेल नहुँदा सधै विवादमै रहे। यस्तै गाउँपालिकाका अध्यक्ष र वडा अध्यक्षबीच समेत तालमेल रहेको देखिदैन्। जसले गर्दा सधै विवाद नै हुने गरेको छ।

यसरी यस्ता विषयमा सम्बन्धीत निकायले ध्यान पुऱ्याउन नसक्दा कर्मचारी, विद्यार्थीदेखी जनताहरु समेत मर्कामा पर्नु परेको छ। तसर्थ गाउँपालिकाको विवाद समाधानका लागि सम्बन्धीत निकायले ध्यान पुऱ्याउन अति आवश्यक छ। अनिमात्र स्थानिय तहको छबी सुध्रन सक्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रपतिको चासोले विद्यालय परिवार उत्साहित

महोत्तरी, ८ मङ्सिर (रासस)।

मुलुककै जेठो मानिने महोत्तरीको मटिहानी नगरपालिका-७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालय परिवार यतिखेर उत्साहित छन्। राष्ट्रपतिले विद्यालय परिसरमै पुगेर अवलोकन गर्दै शैक्षिक र भौतिक अवस्थाबारे चासो देखाउनु भएपछि यहाँका शिक्षक, विद्यार्थी र मटिहानीवासी उत्साहित भएका हुन्। राष्ट्रपति विद्यादेवी भण्डारीले गत सोमबार विद्यालयको अवलोकन गर्दै विद्यालयका गतिबिधिबारे जानकारी लिनुभएको थियो।

"राष्ट्रपतिले विद्यालयको शैक्षिक, भौतिक अवस्थाबारे चासो देखाउनुभयो", विद्यालयका प्रधानाध्यापक ईश्वरीप्रसाद पौडेलले भन्नुभयो, "राष्ट्रपतिले विद्यालयको सुधारका लागि के गर्न सकिन्छ ? भन्ने चासो देखाउनुभएको छ, राष्ट्रप्रमुखको यो चासोले हामी उत्साहित भएका छौँ।"

विसं. १७७५ मा जयकृष्ण दास नामका एक सन्तले स्थापना गर्नुभएको गुरुकूल कालान्तरमा संस्कृत पाठशाला भनिँदै अहिले राजकीय संस्कृत माध्यमिक विद्यालयका नाममा सञ्चालित छ। शैक्षिक जागरण र सुधारका अग्रदूत बालगुरु षडानन्द (भोजपुर, दिङ्ला) ले शिक्षा आर्जन गर्नुभएको यो विद्यालयलाई पछिल्लो कालमा नेपालको प्रजातान्त्रिक आन्दोलन (२०१७-२०४६) मा यहीँकै विद्यार्थीले सहादत दिनुभएको गौरवपूर्ण इतिहास रहेको मटिहानीवासी सम्झन्छन्।

"नेपाली प्रजातान्त्रिक आन्दोलनका महान् शहिद केशव कोइरालाको शिक्षा यहीँ भएको हो, उहाँको सहादतस्थल पनि मटिहानीकै माटो हो", मटिहानी-७ का ८५ वर्षीय प्रेस स्वतन्त्रता सेनानी विन्देश्वरीप्रसाद मण्डल विसं २०३१ साउन ३१ गतेको कालो रात सम्झँदै भन्नुहुन्छ, "नेपाली कांग्रेसको सशस्त्र आन्दोलनको क्रममा मटिहानी प्रहरी चौकी कब्जा गर्ने सुरसारकै क्रममा उहाँको सहादत भयो।" त्यसैगरी यसै विद्यालयका विद्यार्थी महेश कोइरालाको सोलुखुम्बुको टिम्बुरेमा भएको सहादतलाई आफूहरू आदर र सम्मानका साथ सधैँ सम्झनामा राख्ने उहाँ बताउनुहुन्छ।

करिब १५ कट्ठा क्षेत्रफलमा फैलिएको अहिले कक्षा-८ देखि १२ सम्म अध्ययन/अध्यापन हुने यो विद्यालयमा पढेका विद्यार्थी मुलुककै विशिष्ट ओहदामा पुगेर कुशलतासाथ सो जिम्मेवारी निर्वाह गरेका मटिहानीबासी गौरव गर्दै सम्झन्छन्। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति भइसक्नुभएका कुलप्रसाद कोइराला, पाठ्यक्रम विकास केन्द्रका निर्देशकको जिम्मेवारी निर्वाह गर्नुभएका शम्भु दाहाल, सरकारको विशिष्ट श्रेणीका शम्भु कोइराला र न्यायशास्त्रका प्रकाण्ड विद्वान प्राध्यापक डा गोविन्द चौधरी र हाल बागमती प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण सचिब विद्यानाथ झा केही सम्झनाका विद्यार्थी रहनु भएका मटिहानीकै बासिन्दा नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका पूर्वसभापति रामकुमार मण्डल बताउनुहुन्छ।

"यी नाउँ त अहिले सरसर्ति सम्झनामा आएका मात्र हुन्, यसको फेहरिस्त निकै लामो हुन्छ" विगतमा मटिहानी गाउँपञ्चायत रहँदा प्रधानपञ्चसमेत रही सक्नुभएका मण्डल भन्नुहुन्छ, "छिमेकको भारतको बिहार प्रान्तस्थित मिथिला विश्वविद्यालय, दरभङ्गा विश्वविद्यालय र बिहार विश्वविद्यालयमा उपकुलपति, रजिष्ट्रार हुने पनि कैयौं यस विद्यालयका विद्यार्थी छन्।

विसं २०४६ देखि विद्यालयमा पढ्न आउने विद्यार्थी घटेका छन्। खासमा प्रजातन्त्र पुनस्थापनायता ठाउँठाउँमा विद्यालय स्थापनाको लहर चलेपछि विकट पाहाडि भेगबाट पढ्न आउने विद्यार्थीको सङ्ख्या घटेको यहाँका शिक्षक बताउँछन्। "यहाँ भारतदेखि नेपालका विकट पाहाडि भेगका विद्यार्थी भरिभराउ हुन्थे", यसै विद्यालयमा अध्ययन गरेर अहिले यहीं नै कर्मकाण्ड विषयका शिक्षक रहनुभएका शोभाकान्त झा भन्नुहुन्छ, "ती दिन सम्झँदा अहिले सुनसानझैँ लाग्छ।" अहिले पनि मुलुकका २७ जिल्ला र छिमेकको भारतका विभिन्न ठाउँका गरी १५० विद्यार्थी अध्ययनत रहेका झाले बताउनुभयो। हाल अध्ययनरत विद्यार्थीमा महोत्तरीबाहेक विकट पाहडी जिल्ला दैलेखका बढी छन्।

विगतमा ब्राह्मण जातिका वटुकमात्र पठनपाठन गर्न पाउने विद्यालयमा अहिले सबै जातजाति, धर्म परम्पराका छात्रछात्रा पढ्न पाउने भएका छन्। विद्यालयमा हिन्दू परम्पराका बिभिन्न जातजातिका मात्र नभई इस्लाम धर्म परम्पराका छात्र पनि रहेका प्राचार्य पौडेल बताउनुहुन्छ। विद्यालयमा अहिले ब्राह्मण, क्षत्री, जनजाति (केवट, धानुक) दलित (परियार, खत्वे, चमार) जातिका हिन्दू परम्पराका मात्र नभई इस्लाम धर्म परम्पराका छात्रसमेत अध्ययन गरी रहेका विद्यालयले जनाएको छ। जम्मा १५० विद्यार्थीमध्ये ६५ छात्राबासमा छन्। मुलुकको राजगुठीबाट विद्यालयको छात्राबासमा रहने विद्यार्थीले भोजनवृत्ति पाउँदै आएका छन्। यसको स्थानीय व्यवस्थापन मटिहानीस्थित लक्ष्मीनारायण मठले गर्दै आएको छ।

मुलुकको माध्यमिक तहको पाठ्यक्रमअनुसार अनिवार्य सबै विषय अन्य विद्यालयजस्तै यहाँ पनि पढ्नुपर्ने हुन्छ। यसका अतिरिक्त अनिवार्य संस्कृत (भाषा, साहित्य) र ऐच्छिक प्रथम र द्वितीय गरी वेद, ज्योतिष, साहित्य, व्याकरण, न्यायशास्त्र र कर्मकाण्ड विषय छन्। प्रथम ऐच्छिकमा कर्मकायण्डको विकल्पमा साधारण विद्यालयको जस्तै इच्छाधीन गणित र शिक्षा रोज्न पाउने व्यवस्था छ। द्वितीय ऐच्छिकमा भने वेद, ज्योतिष, साहित्य, व्याकरण र न्यायशास्त्रमध्ये एक विषय पढ्नुपर्ने नियम छ। द्वितीय ऐच्छिकका सबै विषय संस्कृत माध्यमका रहेका प्राचार्य पौडेलले जानकारी दिनुभयो।

विद्यालयको छात्राबासमा बस्ने वटुक (छात्र) ले दैनिक रूपमा बिहान रुद्राभिषेक पाठ गर्ने नियम छ। यो अखण्ड रुद्राभिषेक महर्षि फाउण्डेशनको सहयोगमा चार वर्ष पहिले प्रारम्भ गरिएको हो। फाउण्डेशनले विद्यालयलाई एकजना ध्यानगुरुको दरबन्दी दिएको छ। छात्राबासमा बस्ने विद्यार्थी सधैं अनिवार्य रुपले बिहानको योग, ध्यान र रुद्राभिषेकमा सरिक हुन्छन्। त्यसैगरी सधैँ विद्यालयमा सन्ध्या आरती हुन्छ। नियमित रुद्राभिषेक पाठले विद्यार्थीको वाचन शुद्ध भएर यहाँको देवकार्य, पितृकार्य नियमसङ्थगत हुने गरेको प्राचार्य पौडेल बताउनुहुन्छ। विद्यालय परिसरसँगै जोडिएको पौराणिक लक्ष्मीसागर (तलाउ) मा प्रत्येक बिहीबार हुने लक्ष्मीनारायण आरती छात्राबासका वटुकले नै गर्ने गरेका छन्। लक्ष्मीसागर रामायणकालमा रामसीताको विवाहमा वेदि बनाउन माटो खनिएको ठाउँ मानिन्छ।

मटिहानी ओरपर वैदिक र पितृकार्य पर्दा यजमानले छात्राबासका विद्यार्थी सम्झने गरेका छन्। यस्तो कर्मकाण्डबाट विद्यार्थीलाई प्राप्त हुने दक्षिणाले उनीहरूको परदेश बसाइको खर्चमा मद्दत हुने गरेको छ। रुद्राभिषेक, सन्ध्या आरती, योग, ध्यान र साप्ताहिक लक्ष्मीनारायण आरतीको संयोजन, सञ्चालन विद्यालय, लक्ष्मीनारायण मठ र मटिहानी नगरपालिकाले गर्ने प्रबन्ध छ। यी तीनै संस्था संरक्षक मानिएका छन्।

संस्कृत शिक्षाको पुरानो केन्द्र रहेको यो विद्यालयको पुरानो छात्राबास भवन यसपालिको गत बर्खामा ढलेको छ। आठ कोठे सो भवन ढलेपछि अहिले छात्राबासमा बस्ने विद्यार्थीको बसोबासमा अप्ठ्यारो परेको विद्यालयले जनाएको छ। "राष्ट्रपतिमा सबै कुरा जाहेर गर्‍यौँ", प्राचार्य पौडेलले भन्नुभयो, "उहाँले चासोपूर्वक सबै कुरा सुन्नुभयो, राष्ट्रप्रमुखको आँखा परेको समस्याबारे राज्यले केही गर्ला भन्ने आस पलाएको छ।" विद्यालयमा समयअनुकूल पठनपाठनका विषय थपिन आवश्यक रहेको र व्यावसायिक शिक्षा प्रवर्द्धनका लागि आयुर्वेद विषयको अध्ययन/अध्यापनको खाँचो रहेको राष्ट्रपतिलाई जानकारी गराइएको प्राचार्य पौडेलले बताउनुभयो।

# आफ्नो पार्टीप्रति जनताको आकर्षण बढेको छ : अध्यक्ष नेपाल

जनकपुर, ८ मङ्सिर (रासस)।

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी क्रान्तिकारी सोचका साथ अघि बढिरहेकाले जनताको आकर्षण बढ्दै गएको बताउनुभएको छ।

धनुषाको जनकपुरमा बुधबार बिहान आयोजित पत्रकार सम्मेलनमा उहाँले राष्ट्रियता, देशभक्ति र लोकतन्त्रको झण्डालाई बुलन्द गर्दै अघि बढिरहेकाले आफ्नो पार्टीप्रति जनताको आकर्षण बढेको बताउनुभएको हो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले हाम्रो पार्टी दक्षिणपन्थी भासमा भासिएको छैन्, क्रान्तिकारी सोचका साथअघि बढ्को छ भन्नुभयो। "पूर्वमेचीदेखि महाकालीसम्म आफ्नो पार्टीमा प्रवेश गर्नेहरूको लहर नै चलेको छ", उहाँले भन्नुभयो, "सात प्रदेशमध्ये दुई प्रदेशमा हाम्रै पार्टी नेतृत्वको सरकार छ। प्रदेश नं २ मा पनि हामी एमालेभन्दा कैयौं गुणा शक्तिशाली छौं। यो कुरा सबैलाई थाहा छ।"

अध्यक्ष नेपालले नेकपा (एमाले) भन्दा आफ्नो पार्टी शक्तिशाली रहेको दाबी गर्दै आगामी निर्वाचनमा आफ्नो पार्टी ठूलो हुने विश्वास व्यक्त गर्नुभयो। यही मङ्सिर १५ गतेबाट पार्टीले स्टीकर वितरण गर्दै जनताको घर-घरमा पुग्ने अभियान चलाउन लागेको बताउँदै उहाँले पार्टीलाई शक्तिशाली बनाउने गरी जनताको घरमा पुग्ने अभियान सञ्चालन गर्न लागेको जानकारी दिनुभयो।

यसैगरी अध्यक्ष नेपालले बुधबार बिहान जनकपुरधाम उपमहानगरपालिका-१ किशोरी नगरमा नेकपा (एकीकृत समाजवादी) पार्टीको प्रदेश र धनुषा जिल्ला पार्टी कार्यालयको उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले विभिन्न पार्टी परित्याग गरी आएका नेता कार्यकर्तालाई माला, अबिर लगाएर पार्टी प्रवेश गराउनुभयो।

# नेपाली उत्पादन ७८ देशमा निर्यात

वीरगञ्ज, ८ मङ्सिर (रासस)। मुलुकको सबैभन्दा ठूलो वीरगञ्ज भन्सार हुँदै पछिल्लो चार महिनामा कूल रु ३९ अर्ब ५६ करोड बराबरको नेपाली उत्पादन निर्यात भएको छ ।

यस नाकाबाट ७८ देशमा नेपाली उत्पादन निर्यात हुने गर्दछ। वीरगञ्जस्थित भन्सार कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि कात्तिक मसान्तसम्म कूल रु ३९ अर्ब ५६ करोड ३९ लाख ५० हजार मूल्य बराबरको नेपाली उत्पादन भारत तथा तेस्रो मुलुकमा निकासी भएको हो ।

आव २०७७/७८ को सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पछिल्लो चार महिनामा कूल २१८ प्रतिशतले बढी मूल्य बराबरको नेपाली उत्पादन यो नाका हुँदै मुलुकबाहिर निर्यात भएको देखिएको हो । गत आव २०७७/७८ को साउनदेखि कात्तिक मसान्तसम्ममा यस नाकाबाट कूल रु १२ अर्ब ४४ करोड दुई लाख ८५ हजार बराबरका मालसमान निर्यात भएको थियो। उक्त अवधिमा कोभिड-१९ को असहज परिस्थितिका कारण नेपाली सामान निकै कम निर्यात भएको देखिएको छ ।

चालू आव २०७८/७९ को साउनदेखि कात्तिक मसान्तसम्मको अवधिमा वीरगञ्ज भन्सार नाका हुँदै मुलुक बाहिर निर्यात भएको सामाग्रीमा विविध प्रकारका तेलदेखि विभिन्न कपडाजन्य सामग्रीसम्म पर्दछन्। सो अवधिमा निर्यात भएको सामग्रीमध्ये वीरगञ्ज नाकाबाट रु १७ अर्ब २० करोड ९० लाख नौ हजार मूल्य बराबरको भटमासको प्रशोधित तेल निर्यात भएको देखिन्छ। त्यसैगरी प्रशोधित पाम तेल रु १३ अर्ब ४० करोड ७८ लाख २२ हजार मूल्य बराबरको निर्यात भएको छ, भने डाबरको उत्पादन तथा अन्य फलफूलको जुस रु एक अर्ब ८४ करोड ४७ लाख ५७ हजार मूल्य बराबरको निकासी भएको देखिन्छ।

त्यसैगरी सो अवधिमा सूर्यमुखी प्रशोधित तेल रु एक अर्ब ५८ करोड दुई लाख ६१ हजार मूल्य बराबरको भारततर्फ निकासी भएको छ भने भटमासको पिना मात्रै रु ६१ करोड ६८ लाख ९४ हजारको भारततर्फ निकासी भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

यसैगरी वीरगञ्ज भन्सार नाकाबाट भारत तथा तेस्रो मुलुकतर्फ जमोठ कपडा, बत्तिसा, त्रिफला, च्यावनप्रास, सेन्थेटिक यार्न, स्पोर्ट सुज, सेन्थेटिक सुज, दन्तमञ्जन, ऊनी गलैंचा, होमियोपैथिक तथा आयुर्वेदिक औषधि, तयारी कपडालगायत सामान भारत तथा तेस्रो मुलुकमा निर्यात भएको देखिन्छ ।

मुलुकै सबैभन्दा ठूलो भन्सार नाका वीरगञ्ज भन्सार नाका हुँदै विविध नेपाली उत्पादन इन्डोनेसिया, चीन , अर्जेन्टिना, पाराग्वे, युक्रेन, ब्राजिल, मलेसिया, अस्ट्रेलिया, रूसी सङ्घ, थाइल्याण्ड , दक्षिण अफ्रिका, सिङ्गापुर, कोरिया, गणतन्त्र जापान, जर्मनी, नेदरल्याण्ड्स, संयुक्तराज्य अमेरिका, भियतनाम, इजरायल, पोल्याण्ड, साउदी अरेबिया, श्रीलङ्का, ताइवान, चीनको प्रान्त, संयुक्त अरब इमिरेट्स, लिथुआनिया, इटाली, फ्रान्स, बेल्जियम, न्यूजिल्याण्ड, फिलिपिन्स, टर्की, युनाइटेड किङडम, क्यानडा, स्पेन, डेनमार्क, अस्ट्रिया, बहराइन, मेक्सिको, युरोपेली सङ्घ, स्विट्जरल्याण्ड, स्लोभाकिया, पाकिस्तान, ओमान, हङ्गेरी, नर्वे, पोर्चुगल, स्वाजिल्याण्ड, इजिप्ट, मेडागास्कर, ग्रीस, बङ्गलादेश, लक्जमबर्ग, मोजाम्बिक, बुल्गेरिया, म्यानमार, आयरल्याण्ड, सर्बिया, स्वीडेन, पोर्टो रिको, हङकङग, होन्डुरस, स्लोभेनिया, निकारागुआ, कोलम्बिया, एल साल्भाडोर, सियरा लियोन, फिनल्याण्ड, जर्जिया, बोस्निया र हेर्जेगोभिना, रोमानियालगायत देशमा निर्यात हुने गर्दछ।

# थप ३ सय ३२ मा संक्रमण पुष्टि

काठमाडौं, ८ मङ्सिर (रासस)। देशभर पछिल्लो २४ घण्टामा थप ३३२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। कूल नौ हजार ९२० मा कोरोना परीक्षण गर्दा ३३२ जनामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमित संख्या सात हजार ३६९ रहेका छन्। पछिल्लो समय थप २३२ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै भाइरस सङ्क्रमणुक्त हुनेको संख्या आठ लाख एक हजार १२२ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा सङ्क्रमण दर १७.९ प्रतिशत रहेको छ। हाल होम आइसोलेशनमा छ हजार ९८१, संस्थागत आइसोलेशनमा ३८८, आइसियुमा २०६ र भेन्टिलेटरमा ४० जनाको उपचार हुँदैछ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट बुधबार थप चारको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५१३ पुगेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ४७ हजार २६२ ले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। पहिलो मात्रा ९२ लाख ८४ हजार ३३७ ले र पूर्ण मात्रा ८० लाख ५९ हजार ३०२ ले खोप लगाएका छन।



"राजविराज शहर समृद्ध-हरित नगर"

**राजविराज नगरपालिका**
**२नं. वडा कर्यालय**
**राजविराज, सप्तरी,**
**प्रदेश नं. २, नेपाल**

visit nepal 2020
VISIT Nepal Year 2020

पत्र संख्याः२०७८।७९
चलानी नः ३४८
मितिः २०७८।०८।०३

विषय :- सूचना सूचना सूचना

वडा कार्यालय रा.वि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक गा.वि.स. बनौला वार्ड नं. ९ हाल रा.वि.न.पा. वार्ड नं. ९ परिवर्तित वार्ड नं. २ बस्ने स्व.सोनाई साहको बुहारी स्व. उमेश साह हलुवाई को श्रीमती सुनिता देवी साह द्वारा माग गरे अनुसार मेरो पति उमेश साह हलुवाईको नामा नामेसीमा तपसिलमा कायम रहेको जग्गा हरु नामसारी प्रयोजनका लागी मेरो पति मिति २०७८।२।३ गते आफ्नै कालगतिले स्वर्गमान हुनु भएको हुदा मृतक पतिको नाउंमा दर्ता कायम रहेको जग्गाहरु नामसारी गरी पाउं भनि मिति ०७८।०८।०२ गते द.नं. १०८ को निवेदन द्वारा माग गरेको हुदां सो जग्गाहरुमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ बस्ने स्व.उमेश साह हलुवाई को नाउमा कायम रहेको जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ | १८१५ | ०-०-१ |
| " | " | ९ | १८१८ | ०-०-२.१।४ |
| " | " | ९ | १८२१ | ०-०-१.३।४ |

अरुण कुमार यादव
अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २

# विश्व समाचार

## भारतमा दैनिक थप नौ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ८ मङ्सिर (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप नौ हजार सङ्क्रमित भएका छन्।सरकारी अधिकारीहरुले बुधबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा नौ हजार २८३ जना नयाँ सङ्क्रमित थपिएका हुन।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा अहिले एक लाख ११ हजार ४८१ जना सङ्क्रमित अवस्थामै रहेका छन्। यो सङ्ख्या ५३७ दिनपछिकै सबैभन्दा कम भएको मन्त्रालयको भनाई छ।

भारतमा कोरोनाका कारण पछिल्लो एक दिनमा ४३७ जनाको मृत्यु भएको छ भने कुल मृतकको सङ्ख्या चार लाख ६६ हजार ५८४ पुगेको छ।

सोही अवधिमा १० हजार ९४९ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। दैनिक नयाँ सङ्क्रमितहरुको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढी भएकाले अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या कम हुँदै गएको हो।

## बेलायतमा ४२ हजार ४८४ संक्रमित

लन्डन, ८ मङ्सिर (रासस/सिन्ह्वा)।

बेलायतमा मङ्गलबार एकै दिनमा ४२ हजार ४८४ सङ्क्रमित भएका छन्। यहाँका स्वास्थ्य अधिकारीले जनाएअनुसार यहाँ अहिले दैनिक कम्तीमा पनि ४० हजार जनामा यो भाइरसको सङ्क्रमण भेटिने गरेको छ।

यो समेत गरी बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या करिब ९९ लाख ३२ हजार ४०८ पुगेको छ। बेलायतमा मङ्गलबार मात्र १६५ सङ्क्रमणबाट मृत्यु भएको छ। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण करिब एक लाख ४४ हजार १३७ जनाको मृत्यु भएको छ। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये आठ हजार जनाभन्दा बढी अझै पनि अस्पतालमै उपचाररत रहेका छन्।

यहाँका १६ वर्षमाथिका झण्डै ९३ प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसैगरी करिब ८७ प्रतिशतले दुवै मात्रा खोप लगाएका पनि स्वास्थ्य मन्त्रालयलको तथ्याङ्कमा उल्लेख छ।

पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको सरकारी अधिकारीले बताएका छन्। सरकारी प्रयासका बाबजुत यहाँ सङ्क्रमित हुनेको दरमा कमी नआएको स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

## अमेरिकी राष्ट्रपति बाइडेनद्धारा ११० देशलाई निमन्त्रणा

वासिङ्टन, ८ मङ्सिर (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गर्नुभएको प्रजातान्त्रिक मुलुकहरुको शिखर सम्मेलनमा ताइवानसहित ११० देशका प्रमुख तथा प्रतिनिधिहरुलाई निमन्त्रणा गर्नु भएको छ।

भर्चुअल माध्यमबाट हुने सम्मेलनमा एक सयभन्दा बढी देशका प्रमुख तथा प्रतिनिधिहरु सहभागी हुने अपेक्षा गरिएको छ।

लोकतन्त्रलाई केन्द्रमा राखेर आयोजना गरिएको सम्मेलनमा सहभागीताका लागि अमेरिकी राष्ट्रपति बाइडेनले संसारभरिका प्रजातान्त्रिक मुलुकका प्रतिनिधिहरुलाई निमन्त्रणा गर्नु भएको हो।

सम्मेलन आगामी डिसेम्बर ९ र १० तारिखमा हुने तय भएको हो। सम्मेलनमा दक्षिण एसियाली क्षेत्रबाट नेपाल, भारत, पाकिस्तान र माल्दिभ्सलाई मात्र निमन्त्रणा गरिएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। बंगलादेश, भुटान, श्रीलंका र अफगानिस्तानको नाम भने अमेरिकाले निमन्त्रणा गरेका देशहरुको सूचीमा छैन।

बाइडेन प्रजातान्त्रिक मुलुकहरूबीच सम्बन्धलाई मजबुद् बनाउन सम्मेलनको आयोजना गरेको बताउने गर्नु भएको छ।

## स्विडेनमा पहिलो पटक महिला प्रधानमन्त्री निर्वाचित

स्टकहोम, ८ मङ्सिर (रासस/एएफपी)।

स्विडेनमा पहिलो पटक महिला नेतृ प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको छ।

स्विडेनको संसदले उहाँलाई प्रधानमन्त्री बनाउने प्रस्ताव पारित गरेसँगै उहाँ स्विडेनको पहिलो महिला प्रधानमन्त्री बन्नु भएको हो।

निवर्तमान अर्थमन्त्री समेत रहनु भएकी माग्डालेना अन्डेर्सन देशको प्रभावशाली पार्टी सोसियल डेमोक्रेटिक पार्टीकी नेतृ समेत हुनुहुन्छ।

संसदका कुल १७४ मतदाताले मात्रै वर्तमान प्रधानमन्त्री स्टेफन लोफभेनलाई मतदान गरेका थिए। उहाँको भन्दा धेरै मत उहाँको विपक्षमा परेपछि नयाँ प्रधानमन्त्री निर्वाचित हुनुभएको हो। नयाँ प्रधानमन्त्रीको पक्षमा भने १७४ जनाले मतदान गरेका थिए। मतदानको समयमा ५७ सांसद अनुपस्थित भएका संसद सचिवालयले जनाएको छ।

# सप्तरीका विवेकको कप्तानीमा प्रदेश २ क्रिकेट टोलीको घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, ८ मंसिर ।**
यु १९ पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश २ क्रिकेट टिमको छनोट गरिएको छ । जसमा सप्तरीका ५ खेलाडी पर्न सफल भएका छन् ।

काठमाडौंमा मंसिर ७ गते सुरु भएको यु १९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी लागि प्रदेश २ क्रिकेट टोलीको छनोट गरिएको प्रदेश २ का सचिव आयुष श्रेष्ठले जानकारी दिएका छन् ।

रौतहटमा सम्पन्न प्रदेशस्तरिय क्रिकेट छनोट प्रतियोगिताबाट सप्तरीका बिवेक यादबको कप्तानीमा १४ जना खेलाडीको चयन गरिएको उनले बताए । जसमा सप्तरीका बिवेक यादब (कप्तान) सहित आशिष झा, रोहन बिक, अमित यादब र अजय यादब रहेका छन् ।

यसैगरी टोलीका अन्य सदस्यहरूमा गुलसन झा ( उपकप्तान), संतोष काकी, तिर्थराज दास, शनि साह, आदिल अंसारी, राजेश यादब, समसाद मन्सुरी, प्रदिप पासवान, पुराज ढुंगेल पर्न सफल भएका छन् ।

यस्तै बैकल्पिक खेलाडीहरूमा अलफाज मन्सुरी, सुमन गतराज, अरूण मण्डल, आसचल चौधरी रहेका छन् ।

त्यस्तै टिमको प्रशिक्षकमा अनिल शर्मा र ब्यबस्थापकमा बिरेन्द्र यादबलाई जिम्मेवारी दिएको प्रदेश क्रिकेट संघका प्रदेश २ का सचिव श्रेष्ठले जानकारी दिए । आठ वर्षपछि यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुदैछ ।

# सूर्तीजन्य पदार्थका रोकथामका लागि पहल गर्छु : मन्त्री खतिवडा

काठमाडौँ, ८ मङ्सिर (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले सूर्तीजन्य पदार्थको सेवनको रोकथाम र नियन्त्रणमा पहल गरिने बताउनुभएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र स्वास्थ्य पत्रकारमञ्च नेपालले सयुक्त रूपमा बुधबार यहाँ आयोजना गरेको 'सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन' सम्बन्धी बहुपक्षित पैरवी बैठकका उहाँले कुनै उपाय अपनाएर भए पनि सूर्तिजन्य पदार्थको सेवनमा रोकथाम र नियन्त्रण गर्न पहल गरिने जानकारी दिनुभयो ।

उहाँले मूल्यअभिवृद्धि कर बढाएर र सूर्तीजन्य पदार्थको वट्टामा चित्र राखेर सेवनमा नियन्त्रण गर्न खोजे पनि प्रभावकारी नभएको जनाउँदै चिकित्सकले कुनै डर सिर्जना गरेर सेवनलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो । उहाँले सूर्तीजन्य पदार्थको नियन्त्रणका लागि बनेका ऐनलाई प्रभावकारी कार्यन्वयन गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले सूर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि प्रमुख जिल्ला अधिकारीको विशेष पहलमा सूर्तीजन्य बनेका ऐन, कानूनलाई कडाइका साथ लागू गर्नुपर्ने बताउनुभयो । परिषद्का कार्यकारी प्रमुख डा प्रदीप ज्ञवालीले सूर्तीजन्य सेवनबाट बर्सेनि हजारौं मानिसको अकालमा नै मृत्यु हुने गरेको बताउनुभयो ।

उहाँले सबैको सहयोगबाट सूर्तीजन्य पदार्थको सेवन रोकथाम र नियन्त्रण गर्नुपर्ने बताउनुभयो । शहीद गङ्गालाल हृदय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारीले सूर्तीजन्य पदार्थको सेवनबाट धेरैनै मानिसलाई हृदयघात हुने गरेको बताउनुभयो ।

उहाँका अनुसार विगत १० वर्षमा हृदयघात हुने सङ्ख्या ४६ प्रतिशतले बढेको उल्लेख गर्दै हृदयघात हुने सबैभन्दा बढी सूर्तीजन्य पदार्थको सेवन गरेको युवा रहेको छन् ।

# लगानी कोषद्वारा एक करोड ६८ लाख कोभिड मुत्यु भुक्तानी

काठमाडौँ, ८ मङ्सिर (रासस) ।
नागरिक लगानी कोषले कोभिड-१९ को प्रकोपबाट मृत्यु भएका सहभागीका हकवालालाई रु एक करोड ६८ लाख भुक्तानी गरेको छ । कोभिड-१९ को सुरुआतदेखि नै कोभिडबाट मृत्यु हुनेका आश्रित परिवारलाई राहत पुऱ्याउने उद्देश्यले मृत्यु हुनेका हकवालालाई जनही रु दुई लाख उपलब्ध गराउने कोषले निर्णय गरेको थियो ।

सोही क्रममा कोषले गत साउन ५ गतेसम्म कोभिडबाट मृत्यु हुनेलाई सो रकम उपलब्ध गराएको जनाएको छ । कोषले हालसम्म कोभिडबाट मुत्यु भएकाका ८४ सहभागीका हकवालालाई कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषबाट सो रकम प्रदान गरेको हो । कोषका वरिष्ठ अधिकृत तारानाथ भट्टराई र अधिकृत पुरुषोत्तम भट्टराईले कोभिडबाट मृत्यु भएका कोषका सहभागी बुटवल निवासी कन्हैया थारुकी श्रीमती पार्वती थारुलाई बुधबार रु दुई लाखको चेक हस्तारण गर्नुभएको थियो ।

### गाडीबाट लडेर ...

ढल्केबरका प्रहरी निरीक्षक प्रदीप सुवेदीले जानकारी दिए ।

महतो धनुषाको धारापानी बहुमुखी क्याम्पसमा बीबीएस पहिलो वर्षमा अध्ययनरत्त रहेको जनाइएको छ । गुडिरहेको बेला ढोका छेउबाट लड्दा पूजाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### कानुन व्यवसायीद्वारा ...

रुपमा सहभागि भई प्रदर्शन गरे ।

उच्च अदालत राजविराज जनकपुर र सप्तरी जिल्ला अदालतबाट निस्केको कानुन ब्यबसायीहरुको जुलुस नगर परिक्रममा पश्चात् उच्च अदालत प्राङ्गणमा बिरोध सभामा परिणत भएको थियो ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु→

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np